# अप्रत्यासित नेपालगञ्ज दङ्गा

## शालिकराम सापकोटा र सीपी सिंह

नेपालगञ्ज बाँके जिल्लाको मात्र नभई पश्चिम नेपालको महत्त्वपूर्ण सहर हो । नेपाल र इष्ट इन्डिया कम्पनीबीच सन् १८१४ मा भएको लडाइँपछि सम्झौतामा परिणत भएकोले १८१६ मार्च ३ मा सुगौली सन्धि भयो । त्यसपछि साबिकको नेपाल हुँदाहुँदै पनि बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गुम्न पुग्यो । पछि जङ्गबहादुर राणाले अङ्ग्रेजहरूलाई रिझाएबापत १८६० नोभेम्बर १५ मा यो भू-भाग नेपालले फिर्ता पायो । अङ्ग्रेज उपनिवेशबाट मुक्त भएर नेपालमा यो क्षेत्र गाभिएकोले यसलाई 'नयाँ मुलुक' पनि भनिन्छ ।

बाँके जिल्लाको क्षेत्रफल २३३७ वर्ग किलोमिटर छ । यस जिल्लाको करिब ५० प्रतिशत जमिन वनजङ्गल तथा बुट्यानले ढाकेको छ । ४१ प्रतिशत जमिन बसोबास क्षेत्र र नौ प्रतिशत जमिन नदी, बगर, ढुङ्गान आदिले ढाकेको छ। राष्ट्रिय

---

नेपालगञ्ज दङ्गापछि शालिकराम सापकोटाको संयोजकत्वमा स्वतःस्फूर्त जनस्तरीय नागरिक छानबिन समिति गठन भएको थियो । समितिमा रहनुभएका सीपी सिंह, गणेश रेग्मी, सुकइलाल बर्मा, मोहम्मद हारुन हलवाई, श्रीमती विष्णु पोखेल, रविन्द्र कर्णहरूको पहलमा 'नेपालगञ्ज घटना (२०६३ पुस १०-१२) को सम्बन्धमा जनस्तरीय नागरिक छानबिन समितिको प्रतिवेदन, २०६३' तयार भयो । यो प्रतिवेदन तयार गर्ने क्रममा कार्यालय सचिवको रूपमा अधिवक्ता राजेन्द्र शर्माको भूमिका विशेष रह्यो । सबैको अनुमतिमा हामी दुईको नाममा यसले लेखेको आकार ग्रहण गरेकाले उहाँहरूप्रति हामी कृतज्ञ छौँ । भास्कर गौतमलाई धन्यवाद छ, जसले यो प्रकाशन गर्न हामीलाई हौस्याउनु भयो ।

जनगणना २०५८ अनुसार जिल्लाको कुल जनसङ्ख्या ३,८५,८४० रहेको छ भने जातीय हिसाबले यहाँको जनसङ्ख्यालाई हेर्दा मुसलमान २१.१० प्रतिशत, थारू १६.४२ प्रतिशत, क्षेत्री १२.३० प्रतिशत, ब्राह्मण ५.९४ प्रतिशत र मगर ५.४२ प्रतिशत रहेका छन् । जिल्लामा अवधी भाषीहरू ४४.१६ प्रतिशत र नेपाली, थारू, मगर र उर्दू भाषी क्रमशः ३४.१३, १५, १.४७, १.४६ प्रतिशत रहेका छन् । हिन्दू धर्मावलम्बीहरूका लागि बागेश्वरी मन्दिर, हनुमान मन्दिर, रामजानकी मन्दिर, लक्ष्मीनारायण मन्दिर, 'रावण वध' का लागि रामलीला मैदान आदि स्थान छन् । शिख धर्म मान्नेका लागि सुर्खेत रोडस्थित गुरुद्वारा निर्माण भएको छ । मुस्लिम धर्म मान्नेका लागि एकलैनी बजारभित्र दारुल-उलुम-फैजुन्नवी-जामा मस्जिद, इदगाह वीपी चोक, देवाफूलवारी मस्जिद, धम्बोजी मस्जिद, जानु मस्जिद (कब्रुस्तान) छन् । यस जिल्लामा मुस्लिम धर्म मान्ने १८.९९ प्रतिशत छन् । बौद्धधर्म मान्नेका लागि बागेश्वरी शक्ति पीठको नजिकै बौद्ध मन्दिर र हर्षकृत महाविहार रहेको छ । ईसाइ धर्म मान्नेहरूको लागि नेपालगञ्ज नगरपालिका वडा.नं. १३ मा चर्च छ । यस जिल्लामा हिन्दू, मुस्लिम, बौद्ध, शिख, ईसाइ गरी मूलभूत रूपमा पाँच धार्मिक समुदायहरूको बसोबास रहेको छ ।

## नेपालगञ्जमा दङ्गाको सुरुआत

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) सात दलमध्येको एक प्रमुख दल हो । यसले नेकपा (माओवादी) सँगको शान्ति प्रक्रियामा अन्य ६ दल जत्तिकै अहम् भूमिका निभाएको छ । यस दलले नेकपा (माओवादी) सँग बाह्र बुँदे समझदारी, २०६३ कात्तिक ५ को राजनीतिक सम्झौता र मङ्सिर ५ को शान्ति सम्झौता सबैमा पूर्ण सहमति जनाएको छ । यी सबै सम्झौता र सहमतिका बाबजुद प्रस्तावित अन्तरिम संविधानमा समान जनसङ्ख्या तथा भूगोल र सांस्कृतिक एकरूपताको आधारमा निर्वाचन क्षेत्र कायम गर्नुपर्ने अडान नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले राख्दै आएको थियो । तर अन्तरिम संविधानमा पुरानै २०५ निर्वाचन क्षेत्रलाई यथावत कायम गरिएको र नयाँ आधारहरूलाई बेवास्ता गरेको भन्दै यस्तो निर्वाचन पद्धतिले मधेस र मधेसीको समानुपातिक प्रतिनिधित्व कायम हुन नसक्ने निर्णयसहित पुस ३ देखि ९ गतेसम्म विभिन्न दबाबमूलक कार्यक्रम सद्भावना आनन्दीदेवीले सञ्चालन गरेको थियो । साथै मधेसी एकता प्रदर्शन गर्न पुस १० गते मधेस बन्दको आह्वान गरियो । बन्द आह्वानको पर्चामा यस्तो पनि लेखिएको थियो :

*अपना प्रान्त अपना शासन, अपनी संस्कृति अपना प्रशासन*
*अपना पुलीस, अपना न्यायालय, अपनी भाषा मे अपनी विद्यालय*
*मातृभूमिकी तब होगी रक्षा, सत्ता में हो जब मधेसी हिस्सा*

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को आह्वानमा पुस १० गते मधेस बन्दलाई सफल तुल्याउन बिहानैदेखि पार्टीका कार्यकर्ताहरूले नेपालगञ्जमा हातमा लाठी, फलामे रड लिएर होटल, कलकारखाना, यातायात र सम्पूर्ण बजार बन्द गराउँदै हिँडेका थिए । नेपालगञ्ज बजार पूर्ण रूपले बन्द थियो । नेपालगञ्ज नर्सिङ होम अगाडिका होटलहरू खुलै थिए । यी होटलहरू विगतमा हुने गरेका जस्तोसुकै बन्दका दिनहरूमा पनि प्रायः खुलै रहन्थे । यी होटलहरू नर्सिङ होमका बिरामी र तिनका कुरुवाले खाना खाने ठाउँ भएकाले ठूलै विपत नआएसम्म सञ्चालनमा आइरहन्थे । पुस १० गते बन्दको क्रममा सद्भावना पार्टीका कार्यकर्ताहरू दिनको १२.३० बजेतिर बर्दिया पाताभार–८ घर भै नर्सिङ होमअगाडि सुर्खेती कैलाली होटल सञ्चालन गरी बस्ने नवराज सज्याल, बर्दिया बनियाभार–५ घर भै नर्सिङ होमअगाडि सुर्खेती बर्दिया होटल सञ्चालन गरी बस्ने ठाकुरप्रसाद अधिकारी, दाङ मानपुर–५ घर भै नर्सिङ होमअगाडि दङ्गाली मामा होटल सञ्चालन गरी बस्ने निमबहादुर केसी र बाँके बागेश्वरी–२ घर भै नर्सिङ होमअगाडि खजुरा भूपू सैनिक होटल सञ्चालन गरी बस्ने वीरबहादुर रोकामगर समेत चार जनाको होटलमा प्रवेश गरी बिरामीहरूले खाइरहेको र पाकेको खाना फालिदिएको, पानी राखेका ड्रमहरू र राइस कुकर फुटाइदिएको, दालचामल पोखाइदिएको, मःमः पकाउने भाडाहरू कुच्याइदिएको, खाना खाने टेबुल कुर्चीहरू तोडफोड गर्दै *"पहाडी चोर देश छोड"* भनेर नारा लगाउँदै यहाँबाट गएका हुन् भनी होटलका सञ्चालकहरूले जनस्तरीय जाँचबुझ समितिलाई लिखित रूपमा जानकारी गराएका हुन् । जाँचबुझ समितिका अनुसार स्थलगत अध्ययनको क्रममा तोडफोड भएका भाँडा, कुर्सी, टेबुल र राइस कुकरलगायतका वस्तुहरू यत्रतत्र छरिएको अवस्थामा थिए । सो घटनापश्चात् सद्भावना पार्टीको उत्तेजित भिडले सञ्चालनमा नल्याई पार्किङ गरेको अवस्थामा राखेको भे १ ज २६२ नम्बर र २७५ नम्बरका किया बसहरू र ना ३ ख ४८५ नम्बरको माइक्रो बस तोडफोड गरेका थिए । छानविन समितिले यस विषयमा जिल्लास्थित नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) समूहका नेताहरूसँग भेटघाट गरी, "तोडफोड र अराजक नाराहरू लगाई तपाईंहरूले बन्द कार्यक्रम किन गर्नु भएको हो," भनी छलफल गरेको थियो । "बन्दका दिन हामीले पार्टीको तर्फबाट तीन सय जना नेता तथा

कार्यकर्ताहरूलाई परिचालन गरेका हौँ । हाम्रो पार्टीको नेता तथा कार्यकर्ताबाट कुनै पनि किसिमको तोडफोड भएको होइन । हाम्रो पार्टीको बन्द कार्यक्रमको दिन केही राजावादी अराजक तत्त्वहरूले हाम्रो कार्यक्रममा घुसपैठ गरी तोडफोड र अराजक नारा लगाएका हुन् । हाम्रो पार्टीको नेता तथा कार्यकर्ताहरूबाट कुनै किसिमको तोडफोड र अराजक नाराहरू लगाइएको छैन । हाम्रो बन्द कार्यक्रम रहेको १० गते भएका तोडफोड र अराजक नाराहरूको जिम्मेवारी हामीले लिदैनौँ ।" सद्भावनाका नेताहरूबाट छानविन समितिले यस्तो उत्तर पाएको थियो ।

नेपालगञ्ज दङ्गाको दोस्रो दिन, २०६३ पुस ११, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले मधेस बन्दको नाममा गरेको ज्यादति, सो पार्टीका कार्यकर्ताहरूले लगाएको भनिएको *"पहाडी चोर देश छोड"* जस्ता अराजक नाराहरू, किया बसहरूमा गरिएको तोडफोडले निर्माण गरेको भौतिक र मनोवैज्ञानिक तनाव आदिलाई आधार बनाएर बस व्यवसायी समितिका मानिसहरू क्षतिपूर्ति र आवश्यक कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय बाँकेसमक्ष धर्ना दिन जम्मा हुँदै थिए । सोही बखत केही बस व्यवसायीहरू, केही स्कुले विद्यार्थीहरू र सडकमा भौतारिने आवाराहरूको भीड खास कारकादौ गाविस चोकबाट दिनको अन्दाजी ११.३० बजे तिर *"देशी चोर नेपाल छोड, देशी मुर्दाबाद"* जस्ता अराजक नाराहरू लगाउँदै, "आज देशीहरूलाई ठीक गर्नुपर्छ" भन्दै नेपालगञ्ज बजारतर्फ अघि बढ्यो । सो भीडले सबैभन्दा पहिले आनन्द इन्टरप्राइजेजमा "यो घर सद्भावना पार्टीका नेताको हो, यसलाई ठीक गर्नुपर्छ" भन्दै तोडफोड सुरु गऱ्यो । त्यसपश्चात् सो भीड थपिँदै–थपिँदै धम्बोजी चोकसम्म अराजक नाराहरू लगाउँदै मधेसी समुदायका पसल, घरहरू, उद्योगधन्दाहरू, व्यवसाय सञ्चालन गर्ने ठेलागाडीहरूमा आगो लगाउँदै, तोडफोड, लुटपाट गर्दै वीपी चोक पुग्यो । पहाडी मूलका लुटेराहरूको केन्द्र धम्बोजी चोक एवं वीपी चोक र मधेसी मूलका लुटेराहरूको केन्द्र त्रिभुवन चोक बनेको थियो । पहाडी मूलका लुटेराहरूले छानीछानी मधेसी मूलका पसल, घर तथा कलकारखानाहरूमा लुटपाट, आगजनी र तोडफोड गरे । त्यसैगरी मधेसी मूलका लुटेराहरूले छानीछानी पहाडी मूलका पसल, घर, कलकारखानाहरूमा लुटपाट, आगजनी र तोडफोड गरे । दिनको मध्याह्न १२ बजेसम्म आइपुग्दा सिङ्गो नेपालगञ्ज बजार साम्प्रदायिक दङ्गातर्फ उन्मुख देखिन्थ्यो । बजारभरि मधेसी, पहाडी र हिन्दू, मुस्लिमबीच विभिन्न खाले अफवाहहरू फैलाइएको थियो । उदाहरणको लागि, पहाडी मूलका तीन जना स्कुले युवतीहरूलाई नाङ्गै बनाई एकलैनी बजारमा घुमाइएको छ,

पहाडीहरूले धम्बोजी मस्जिदमा तोडफोड गरी मस्जिद भत्काइदिए, मुस्लिमहरूले बागेश्वरी मन्दिरमा आगो लगाइदिए, मधेसीमूलका व्यक्तिहरूको रक्षाका लागि भारतबाट हजारौँ भारतीयहरू हातहतियारसहित नेपाल प्रवेश गर्दैछन् आदि गलत अफवाहहरू बजारभरि फैलाइएको थियो । नेपालगञ्जको लुटपाट, आगजनीलाई यो अफवाहले उत्सर्गमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

## नेपालगञ्ज दङ्गामा प्रहरी–प्रशासनको भूमिका

नेपालगञ्ज दङ्गामा पुस ११ गते दिनको ११.३० बजे जिल्ला प्रशासन कार्यालय बाँकेका तर्फबाट कर्फ्यु लागेको घोषणा गरियो । कर्फ्यु लाग्नुभन्दा अगाडि नेपालगञ्जमा खासै क्षति भएको थिएन, जति क्षति कर्फ्यु लागेपछि भयो । कर्फ्युको कुनै पालना नै नभएको कारण व्यापक क्षति भएको हो । वीपी चोकका कलकारखाना, सैलुन पसलहरू, स्टील दराज फर्निचर पसलहरू सुर्खेतरोडस्थित गुरुद्वाराले भाडामा दिएको सटर, किराना पसलहरू, चियानास्ता पसलहरू र रङका पसलहरूमा कर्फ्यु लागेकै समयमा लुटपाट, तोडफोड र आगजनी गरियो । वास्तवमा दङ्गाकारीहरूको लागि कर्फ्यु लागेकै थिएन । त्यसैले नेपालगञ्जलाई दनदनी आगोको लपेटामा जलाइयो ।

वीपी चोक आसपासका पसलहरू जलाइरहँदा बाँकेका प्रमुख जिल्ला अधिकारी तिलकराम शर्मा र बाँकेका प्रहरी प्रमुख रमेश भट्टराई नगरपालिका परिसरको छतबाट नेपालगञ्ज जलिरहेको दृश्यका रमिते बनिरहेका थिए । प्रत्यक्षदर्शीले जाँचबुझ समितिलाई दिएको लिखित बयानअनुसार उनीहरूले हेरिरहेकै समयमा तल सडकमा भीडले तोडफोड, आगजनी गरिरहेको थियो । प्रहरी–प्रशासन पूरै नाकाम साबित भएको थियो । कर्फ्युको पालना आंशिक रूपमा पनि हुन सकेन । कर्फ्युको समयमा पहाडी मूलका दङ्गाकारीहरूबाट *“नेपाल प्रहरी ! जिन्दावाद !”* जस्ता नारासमेत लगाएको सुनियो । यसले मधेसी समुदायलाई अरू उत्तेजित पार्ने काम गऱ्यो । नेपालगञ्ज बजारभरि पुलिस, पत्रकार, मानवअधिकारकर्मीभन्दा पहिले उनीहरू पहाडी भन्ने सामप्रदायिक भावना फैलियो । कर्फ्यु साम्प्रदायिक सद्भाव बिथोल्न साथै तोडफोड, आगजनी र लुटपाट गर्ने अवस्था तयार गर्न लगाइएको जस्तो साबित भयो । कर्फ्युको समयमा होटल हङ्गेरी एण्ड प्रा.लि., क्याराभान कटेज रेष्टुरेन्ट र मदन मोहन श्रीवास्तवको घरमा दङ्गाकारीहरूले घर नै ध्वस्त हुने गरी आगो लगाए । धम्बोजीस्थित डेल्टा इलेक्ट्रानिक्सको टेलिभिजन, फ्रिजलगायतका मूल्यवान सामानहरू लुटिए । बजारभरि लुटपाट, आगजनी,

तोडफोड भए । कर्फ्युको समयमा बीचमा प्रहरी, अघिपछि दङ्गाकारीहरू तोडफोड र आगजनीमा सामेल भएका दृश्य देखिन्थे ।

प्रहरीले नचलाउनुपर्ने ठाउँमा अन्धाधन्द गोली चलाएको पाइयो । वडा नं. ११ भैरवगञ्ज टोल महेन्द्र पार्कअगाडि प्रहरीको गोली लागी बाँके जिल्ला भवानीयापुर गाविस वडा नं. ८, गोसाइपुरवा बस्ने १७ वर्षीय कमल गिरीको मृत्यु भयो । प्रहरीको गोलीबाट मृत्यु भएको देखेका वडा नं. ११ घसियारन टोलका प्रत्यक्षदर्शीहरू प्रदेशी घसियारा, राजेन्द्रकुमार ठाकुर, रमेश धोबी र सलिम राईलाई प्रहरीले उनीहरूको घरभित्र प्रवेश गरी ढोका फोडी पक्राउ गऱ्यो । त्यसपछि उनीहरूलाई निर्मम शारीरिक यातनासहित चार दिनसम्म हिरासतमा राखी "तिमीहरूले नै कमल गिरीको हत्या गरेका हौँ" भनी प्रहरीले मानसिक पीडा दियो । "कमल गिरीको हत्या प्रहरीले नै गरेको हो, हामीले आफ्नै आँखाले देखेका हौँ," भनी पीडितहरूले जाँचबुझ समितिसमक्ष लिखित कागज गरेका थिए । जाँचबुझ समितिले स्थलगत निरीक्षण गर्दा पीडितहरूका घरका ढोका फोरिएका, निर्घात पिटेर छाती सुन्निएको, हातखुट्टा फुलेको देखिएको र प्रहरीले जथाभावी गोली चलाउँदा घरका भित्ता दिवालमा गोली लागेको देखिएको थियो । त्यसैगरी प्रहरीले चलाएको गोलीले आफ्नै घर आँगनमा बसेकी वडा नं. १५ बस्ने रमेशकुमार लखेरकी नाबालक छोरी १५ वर्षीय मानसी लखेरको बाँया गाला र चिउँडोको बीचमा गोली लागेर गम्भीर घाइते भएकी थिइन् । नेपालगञ्ज नगरपालिका वडा.नं. ९ बस्ने २२ वर्षीय पप्पु भन्ने सुधीर लखेर टाउकोमा गोली लागी गम्भीर घाइते भएका थिए । बाँके जिल्ला पुरैना गाविस वडा नं. २ का १७ वर्षीय नफिज खाँ आफ्नो बाबुलाई कारागारमा भेट्न आई घर फर्कदै गर्दा वडा नं. ९ एकलैनी बजारमा प्रहरीले चलाएको गोली कम्मर र तिघ्राको बीचमा लागी घाइते भएकोले तत्कालै भेरी अञ्चल अस्पतालमा उपचारार्थ भर्ना भए । त्यस्तै वडा नं. ४ बस्ने ३० वर्षीय मोहम्मद नादिर खाँका अनुसार उनलाई गोली हान्ने प्रहरी जिल्ला प्रहरी कार्यालय बाँकेका असई प्रमोद क्षेत्री हुन् । उनी भन्छन्, "मैले हात माथि उठाउँदा उठाउँदै मलाई गोली हानियो ।" त्यसै गरी वडा नं. ४ बस्ने रामदुलारे वैश्यलाई त्रिवेणी मोडनिर छातीमा गोली लागेपछि भेरी अञ्चल अस्पतालमा उपचारार्थ भर्ना भए ।

## साम्प्रदायिक/धार्मिक दङ्गा बनाउने प्रयत्न

पहिलो दिन नेपालगञ्ज दङ्गा सामान्य देखिएको थियो । पछि यसलाई हिन्दू अतिवादीहरू, नयाँ नेपालको पुनर्संरचनाका लागि विकास हुँदै गएको वर्तमान

परिस्थितिलाई आत्मसात गर्न नसकेका विभिन्न दलहरूभित्र रहेका प्रतिक्रियावादी व्यक्तिहरू, राजा बिना नेपालको अस्तित्व रहन सक्दैन भनी दावी गर्ने राजावादीहरू, राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी सङ्गठनमा आबद्ध विद्यार्थीहरू, राजनीतिक चेतना नभएका स्कुल र प्राविधिक शिक्षालयका अल्लारे विद्यार्थीहरू र गुण्डागर्दीको भरमा जीविका चलाउने आवारा भिजिलान्तेहरूले मलिलो आधार दिएको देखिन्छ । साथै तराईका जनतालाई नेपाली नदेख्ने 'देशी' 'भैया' वा 'मधेसी' देख्ने एकखालको सङ्कीर्ण शासकीय अहङ्कारवाद भएका कथित 'पहाडीया' वर्ग, तराईलाई नेपाल नठान्ने र आफूलाई पनि 'नेपाली' नदेख्ने जातीय, क्षेत्रीय दृष्टिकोणले मात्र सीमित केही कुलीन 'मधेसी' वर्गहरूका बीचमा मौलाएको शासकीय अहङ्कारवाद र त्यसको स्वार्थमा देखिएको टकराहट पनि नेपालगञ्ज दङ्गाका लागि आधार बनेको देखिन्छ । यो दङ्गालाई साम्प्रदायिक रूपमा मधेसी–पहाडीबीच मात्र नभएर हिन्दू–मुस्लिमबीच पनि धार्मिक तनाव बढाउन खोजेको तथ्य मुस्लिम समुदायका मासु पसलदेखि कलकारखानामा लुटपाट, आगजनी गरेको र मस्जिदमा ढुङ्गा प्रहार गरेको घटनाबाट प्रस्ट हुन्छ । विगतमा शिवसेना नेपालमा र राष्ट्रिय स्वयंसेवक सङ्घमा आबद्ध रहेका हिन्दू अतिवादीहरूको सङ्गठनको रूप मात्र फेरिएको छ, दृष्टिकोण पुरानै छ । उनीहरूलाई नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भएको स्वीकार छैन । नेपाल सङ्घीय राज्यमा जाने कुराले तराईमा पछि पारिएका, दबाइएका गरीबहरूको मुक्तिको सम्भावनाबाट त्रसित शासक वर्ग परिवर्तनको पक्षमा हिजो पनि देखिएको थिएन, आज पनि देखिन्न । यथास्थितिकै पक्षमा उनीहरू छन् ।

त्यसैगरी राजालाई नै राष्ट्रिय एकताको प्रतीक मान्ने र राजा बिना देशको रक्षा नै हुन सक्दैन, राजा देशको संरक्षक हो भनेर सामन्ती राज्य संरचनालाई नै सर्वेसर्वा मान्ने एकात्मक निरङ्कुश राजतन्त्रका हिमायतीहरू जनआन्दोलन र परिवर्तनको खिलाफमा छन् । यी सबै शक्तिहरू आपसमा सङ्गठित भएर नेपालको ध्वंश भएको हेर्न चाहन्छन् । त्यसैले जनआन्दोलनले स्थापित गरेको राजनीतिक शक्ति सन्तुलन विघटन गराउन प्रयासरत् छन् । नेपालगञ्जको सन्दर्भमा यत्रो जातीय, धार्मिक र सम्प्रादायिक तनाव सिर्जना हुँदासम्म शान्ति र सद्भावको पहलका निम्ति नेपालगञ्जमा रहेका राजा तथा हिन्दूवादी सङ्गठनहरू सडकमा देखा परेनन् । न त कुनै बैठक, छलफल र अन्तर्क्रियामा नै देखा परे । बरु शान्ति सद्भाव जुलुस निकाल्नुको कुनै औचित्य छैन भनी भीडलाई उत्तेजित पार्ने प्रयत्न गरिरहे । हिन्दू अतिवादीहरू, विभिन्न समुदायभित्र रहेका राजावादीहरू, राजनीतिक दलभित्र रहेका प्रतिक्रियावादीहरूले भूमिगतरूपमा भ्रामक अफवाहहरू फैलाए ।

स्थानीयवासीलाई उत्तेजित पार्ने कामहरू गरे । राजनीतिक चेतनाविहीन अल्लारे विद्यार्थीहरू र भिजिलान्तेहरूलाई मधेसी र पहाडीको नाँउमा लडाउन उक्साए ।

बाँके जिल्लामा योभन्दा पहिला 'मधेसी र पहाडीको' नाममा जातीय सद्भाव बिथोलिने गरी साम्प्रदायिक दङ्गा वा भडकाव देखिएको थिएन । बरु हिन्दू–मुस्लिमबीच जातीय सद्भाव बिथोलिएको उदाहरण थियो । २०४९ सालतिर पहिलोपटक राम जन्मभूमि अयोध्यामा हिन्दू अतिवादीहरूले बाबरी मस्जिद ढाल्दा त्यसको विरुद्धमा दाङमा हिन्दू-मुस्लिमबीच झडप भएको थियो । त्यसैको असर स्वरूप नेपाली काँग्रेसका उपाध्यक्ष सुशील कोइरालाको नेपालगञ्जस्थित घरमा आक्रोशित मुस्लिम समुदायबाट ढुङ्गा प्रहार गरिएको थियो । त्यस्तै २०५४ सालतिर मुस्लिम समुदायको पवित्र चाड मोहर्रममा ताजिया निकाल्दा विवाद सिर्जना भै हिन्दू-मुस्लिमबीच धार्मिक दङ्गा भड्कियो । त्यस बखत तरकारी बेचेर आफ्नो जीवन निर्वाह गर्ने जयसपुर गाविसका फज्जल कबाडियाको हत्या भयो ।

बाँके विगत केही समयदेखि हिन्दू अतिवादीहरूको सुदृढ सङ्गठन भएको जिल्ला हो । यस जिल्लाबाट विश्व हिन्दू महासङ्घ अन्तर्राष्ट्रिय समितिको केन्द्रीय अध्यक्षमा समेत प्रतिनिधित्व भएको पाइन्छ । शिवसेना-भारत र त्यसका सुप्रिमो नेता बालासाहेब बाल ठाकरेको निर्देशनमा शिवसेना नेपालको गठन गरी बालासाहेब बाल ठाकरेलाई हिन्दू सम्राट घोषणा गरेको र अर्को नेपाल शिवसेनाको गठन गरी त्यसले राजा ज्ञानेन्द्रलाई हिन्दू सम्राट घोषणा गरेको थियो । हिन्दू अतिवादीहरू निक्कै क्रियाशील भएको यस घटनाले नै देखाउँछ । हिन्दू अतिवादी सङ्गठन राष्ट्रिय स्वयंसेवक सङ्घ (आरएसएस) गठन गरी हिन्दू अतिवादी युवाहरू केही समय पहिला नेपालगञ्जमा पनि सङ्गठित भएको देखिन्थ्यो । हाल आएर शिवसेना नेपाल र राष्ट्रिय स्वयंसेवक सङ्घको साङ्गठनिक अस्तित्व नेपालगञ्जमा छैन । राष्ट्रिय स्वयंसेवक सङ्घको सट्टामा हिन्दू स्वयंसेवक सङ्घको जिल्ला कार्य समिति नेपालगञ्जमा रहेको बुझिन्छ । त्यस्तै विश्व हिन्दू महासङ्घको जिल्ला कार्यालय समिति नेपालगञ्जमा रहेको बुझिन्छ । साथै अर्जुन शक्ति केन्द्र, रामशक्ति दल र पशुपति लाठी समितिजस्ता हिन्दूवादी सङ्गठनहरू नेपालगञ्जमा क्रियाशील छन् । विशेषगरी हिन्दूहरूको विशेष चाड पर्व शिवरात्री, रामनवमी, होली पूर्णिमामा यिनै सङ्गठनका युवाहरूबाट निधारमा फेटा बाँधी तरवार र लाठी नचाउने गरेको दृश्य बजारमा देख्न पाइन्छ । शिवसेना नेपाल र राष्ट्रिय स्वयंसेवक सङ्घको हाल कुनै सङ्गठन नभए पनि हिजो त्यसको नेतृत्वमा रहेका अतिवादी हिन्दू समूहहरू अहिले पनि विभिन्न समूहमा क्रियाशील छन् । मुस्लिम

समुदायमा भने विगतदेखि हालसम्म अतिवादी मुस्लिम सङ्गठन, सङ्घसंस्था नेपालगञ्जमा क्रियाशील भएको पाइँदैन ।

नेपालगञ्ज दङ्गामा सबैभन्दा बढी क्षति मुस्लिम समुदायलाई नै भएको थियो । मुस्लिम समुदायका फलफूल र तरकारीका ठेला पसलदेखि कलकारखाना, आस्थाका धरोहर मस्जिद, ईदगाहसमेतमा आक्रमण भएको थियो । वीपी चोक आसपासका पसलहरू लहरै जलाइएका थिए । तोडफोड आगजनी गरिएको थियो, गोली हानिएको थियो । मुस्लिम समुदायमाथि जुन ढङ्गले आक्रमण केन्द्रित गरियो त्यसको मूल उद्देश्य हिन्दू–मुस्लिमबीच धार्मिक दङ्गा गराउने र धार्मिक विद्वेष फैलाउने उद्देश्य थियो । सिङ्गो नेपालगञ्जलाई खरानी बनाउने षड्यन्त्र रचिएको घटनाक्रमहरूबाट पुष्टि हुन्छ । घटनाक्रमलाई गहिरिएर नियाल्दा मधेसी–पहाडीभन्दा पुस ११ गतेको मध्याह्नपछि हिन्दू, मुसलमानबीच गम्भीर मुठभेडको स्थिति सिर्जना हुन पुगेको देखिन्छ । मुस्लिम समुदायका मानिसहरूको जीउ तथा घरपसलहरूमा गोली लागेका छन् र सटर फोडिएका छन् । वीपी चोकस्थित ईदगाहअगाडि रहेको रहिमशाह बाबाको मजारस्थलको दिवाल भत्काइएको छ । रहिमशाह बाबाको मजारमा रहेको कलात्मक टुडाँलहरू तोडिएको छ । धम्बोजी मस्जिदमा ढुङ्गा प्रहार गरिएको देखिन्छ । मुस्लिम समुदायको आस्थाको धरोहर मस्जिद, ईदगाह, उनीहरूको नमाज पढ्ने र प्रार्थना गर्ने पवित्र स्थलमा गरिएको आक्रमण उनीहरूको शब्दमा पवित्र कुरानमाथिको आक्रमण हो । मुस्लिम समुदायमाथि आर्थिक, धार्मिक र शारीरिक रूपमा आक्रमण हुँदा पनि उनीहरूले नेपालगञ्जमा देखाएको संयमता प्रशंसनीय रह्यो । क्षतिको हिसाबले दङ्गाबाट ५६ प्रतिशत मुस्लिम समुदाय मात्र प्रभावित देखिन्छ ।

त्यस्तै नेपालगञ्जमा शिखहरू अल्पसङ्ख्यक समुदायका रूपमा रही आएका छन् । उनीहरूको धार्मिकस्थल गुरुद्वारा सुर्खेतरोड नेपालगञ्जसँग जोडिएको छ । गुरुद्वाराको अगाडि भागमा रहेको सटर कोठालाई लाइफ स्टील फर्निचर पसल भाडामा सञ्चालन गर्न दिएकोमा सो पसलमा पुस ११ गते दङ्गाकारीहरूले आगो लगाइ दिँदा गुरुद्वारा अगाडिको भाग पनि क्षतिग्रस्त भयो । आफ्नो आस्थाको धरोहरमा आगजनी हुँदा पनि शिख समुदायहरू संयमित देखिए । यो दङ्गाबाट एउटा निर्विवाद तथ्य स्थापित भएको छ । मुस्लिम समुदायका केही व्यक्तिहरूले शक्ति सन्तुलनको आडमा आफूलाई सुरक्षित सम्झने प्रवृत्ति देखिए पनि सिङ्गो मुस्लिम समुदाय र शिख अल्पसङ्ख्यक समुदाय असुरक्षित नै थिए । यद्यपि उनीहरूको संयमताले देखायो नेपालको असल देशभक्त, सच्चा राष्ट्रवादी र नेपालको सार्वभौमिकता र अखण्डताको पहरेदार यी समुदाय हुन् । यसबाट पुनः

एक पटक नेपालका अल्पसङ्ख्यक समुदायले अनेकतामा एकता चाहन्छ भन्ने पुष्टि भएको छ । नेपालगञ्जमा साम्प्रदायिक र धार्मिक दङ्गा हुनबाट सहरलाई जोगाउनुमा मुस्लिम र शिख समुदायहरूले विशाल धैर्यता प्रस्तुत गरे ।

## दल/नागरिक समाजबाट भएको प्रयत्न

पुस १२ गते नेपालगञ्जमा प्रशासनले लगाएको कर्फ्युबाट साम्प्रदायिक दङ्गा रोकिनुको सट्टा झन् बढेर जाने सम्भावना देखियो । त्यसपछि आठ राजनीतिक दल, नागरिक समाज र मानवअधिकारकर्मीको संयोजनमा नेपालगञ्ज उद्योग व्यापार सङ्घमा बिहान ८ बजे सबै जम्मा भए । प्रहरीको गोली लागी मृत्यु भएका कमल गिरीका परिवारलाई उचित क्षतिपूर्ति दिने र गैरकानुनी हत्या गरिएको विषयमा न्यायिक छानबिन गर्न एउटा स्वतन्त्र निष्पक्ष छानबिन आयोग गठन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गर्दै तत्कालै शान्ति सद्भाव जुलुस निकाल्ने तैयारी गरे । यति नै बेलामा उत्तेजित भीडले हत्यारा पुलिसलाई र सिडिओलाई कारबाही नगर्दासम्म शान्ति सद्भाव जुलुस निकाल्न पाइँदैन भनेर व्यापार सङ्घको कार्यालयमा ढुङ्गा प्रहार गर्‍यो । व्यापार सङ्घको भवनको सिसाहरू फुटे । त्यसपश्चात् आठ दल, नागरिक समाजलगायतको जुलुस निस्कन सकेन । सबै तितरबितर भए । त्यसपछि पनि नगरमा तोडफोड, आगजनी भइरह्यो । बेलुका ४ बजेतिर नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा हजारौँ जनसमुदायको विशाल शान्ति सद्भाव जुलुस निस्कियो । सो जुलुसमा नागरिक समाज, मानवअधिकारकर्मी, पत्रकार एवं शान्ति सद्भाव चाहने नेपालगञ्जका नागरिकहरू सामेल भए । सहरका गल्ली, चोकहरूमा 'हिमाल पहाड तराई कोही होइन पराइ,' 'हिन्दू, मुस्लिम, बौद्ध, शिख, ईसाइ सबै नेपाली दाजुभाइ' जस्ता देशभक्तिपूर्ण नाराहरूले दनदनी आगोको लपेटामा परेर कालो भएको नेपालगञ्जको आकाश फार्ने गरी शान्ति सद्भाव र साम्प्रदायिक सद्भावका स्वरहरू गुञ्जिए । त्यो शान्ति सद्भाव जुलुस प्रशासनले कर्फ्यु लगाएको समयमै निकालिएको थियो । शान्ति सद्भाव निर्माण गर्न त्यो सद्भाव जुलुसले महत्त्वपूर्ण भूमिका खेल्यो । त्यसपश्चात् नेपालगञ्जको जनजीवन बिस्तारै शान्तिमय वातावरणमा फर्क्यो ।

त्यसपछि पनि सात राजनीतिक दल, नागरिक समाजका शान्ति सद्भाव जुलुसहरू निरन्तर निस्किरहे । नेपालगञ्जमा शान्तिको पुनर्वहाली भए पनि दङ्गाबाट पर्न गएको मनोवैज्ञानिक र मानसिक असरले नगरवासीहरू बढी चिन्तित छन् । विगतभन्दा भविष्यप्रति बढी गम्भीर छन्, त्रसित छन् ।

## भविष्यमा सावधानी

हिमाल–पहाड–तराईलाई नेपाल हो भनेर गर्व गर्ने, तराईका उत्पादनका साधनहरूमा र राजनीतिमा आफ्नो स्वामित्व कायम राखी राख्ने तर तराईका बासिन्दालाई नेपाली नदेख्ने, नभन्ने, 'देशी' 'भैया' वा 'मधेसी' देख्ने मानसिकता सर्वत्र छ। मौका पऱ्यो कि "मरेको एक जना देशीले दसजना नेपालीलाई ठग्छ" भन्ने जस्ता अपमानजनक शब्दावली प्रयोग गर्ने एक खालको शासकीय अहङ्कारवादले नेपाली समाज ग्रसित छ। तराईवासीलाई नेपाली नठान्ने 'पहाडीया' समुदाय साथै आफूलाई पनि नेपाली नदेख्ने जातीय, क्षेत्रीय र धार्मिक दृष्टिकोणले मात्र हेर्ने चरम सङ्कीर्ण सोचाइ भएका केही 'मधेसी' द्वेषपूर्ण जातीय मनोभाव निर्माण गर्न घातक देखिन्छन्। त्यसैले कुनै एक धर्म, भाषा, जातजातिले अर्को धर्म, भाषा र जातिलाई निषेध गरेर होइन, सम्मान गरेर अगाडि बढ्नुपर्दछ भन्ने सन्देश र जागरण देशभरि नै बुलन्द गराउन आवश्यक देखिन्छ।

२३८ वर्षअघि गठन भएको नेपाललाई नव नेपालको रूपमा पुनर्गठन, पुनर्निर्माण गर्ने जिम्मेवारी आठ राजनीतिक दलहरूको काँधमा आएको छ। मधेसी समुदायहरूले उठाएका वास्तविक राजनीतिक मुद्दा सङ्घीय राज्य र समानुपातिक प्रतिनिधित्वको सवाललाई दमन र निषेध गरेर होइन कि मार्गनिर्देशक सिद्धान्तका रूपमा आगामी संविधानसभाको निर्वाचनमा मधेसी समुदायको हक-अधिकारलाई सुनिश्चित गरी राज्यको पुनर्संरचनामा जाने वातावरण तयार गरिनु पर्दछ। तर योभन्दा पहिले बाह्र बुँदे समझदारीदेखि ऐतिहासिक राजनीतिक निर्णय, शान्ति सम्झौता हुँदै अन्तरिम संविधान, २०६३ सम्म अपूर्व एकताका साथ सँगसँगै आएका आठ राजनीतिक दलहरूबीच संविधानसभाको निर्वाचन भै नयाँ संविधान नआउन्जेलसम्म जुनसुकै प्रकारका बन्द, हडतालहरू गरिने छैनन् भन्ने राजनीतिक निर्णय, सहमति र प्रतिबद्धताको जरुरी छ।

यस घटनामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न सम्पूर्ण दोषीहरूमाथि नेपाल सरकारले धेरै महिना बितिसक्दा पनि छानबिनको प्रक्रिया र कानुनी प्रक्रिया अघि बढाएको छैन। परिणाम दण्डहीनताको स्थिति मौलाएको छ। यसतर्फ विचार पुऱ्याएर कारबाही बढाउन अझ पनि बितिसकेको छैन।

नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भइसकेको छ। त्यसैले सरकारको तर्फबाट मन्दिर, मस्जिद, गुम्बा, गुरुद्वारा र चर्चको समान ढङ्गले रक्षा गरिनु पर्दछ। धार्मिक विवाद उत्पन्न नहोस् भन्नाका लागि हिन्दू धर्मावलम्बीहरूबीच रहेका हिन्दूवादी सङ्गठन, इस्लाम धर्म मान्नेहरूबीच रहेका सङ्गठन वा मौलानाहरू, बौद्ध धर्म मान्ने बौद्ध भिक्षु लामाहरू, शिख धर्म मान्ने शिख धर्म गुरुहरू र क्रिश्चियन

धर्म मान्ने पादरीहरूबीच धार्मिक शान्ति र सद्भाव एक आपसमा कायम राख्नका लागि समय-समयमा छलफल र संवाद आवश्यक छ । विवाद निरूपण गर्न एक खालको स्थायी संयन्त्र 'धार्मिक सद्भाव, शान्ति सञ्जाल' सम्भव भएसम्म प्रत्येक जिल्लाहरूमा गठन गर्न सकेमा धार्मिक तनावको समयमा यस्तो संयन्त्रले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । अन्य सामान्य अवस्थामा धार्मिक समन्वयको लागि योगदान गर्न सक्छ । साथै देशको नेतृत्व गर्ने प्रत्येक राजनीतिक दलहरूले धार्मिक–सांस्कृतिक रूपले बहुलवाद अँगाल्न आवश्यक छ ।

निहित स्वार्थका लागि विशुद्ध जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने प्रयत्न केही वर्षयता नेपाली समाजमा पटक-पटक भइरहेको छ । यी प्रयोगहरू असफल पनि भइरहेका छन् । नेपाल राष्ट्र संविधानसभामार्फत् पुनर्संरचनाको महान अभियानमा होमिएको साथै मुलुकको सार्वभौमसत्ता र अखण्डतालाई मजबुत बनाउन लागिपरेकाले यस्ता दङ्गा मचाउनेहरूले सम्पूर्ण माहोललाई नै अवरुद्ध पुर्‍याउँदै आमतौरमा सबैलाई निरुत्साहित गर्न चाहन्छन् भन्ने कुरामा विवाद देखिन्न । त्यसैले मधेस आन्दोलनको चुनौती पनि यो भ्रमलाई चिरेर अघि बढ्नुमा देखिन्छ ।

# अनुसूची क
# जाँचबुझ समितिले अघि सारेको सिफारिस

**(क) भौतिक क्षतिका सम्बन्धमा**

१. २०६३ पुस १० मा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले साम्प्रदायिक सद्भाव भड्काउनका निम्ति मधेस बन्दको कार्यक्रम आयोजना गरेको नभए तापनि सो बन्दको कार्यक्रममा किया बसहरू र होटेलहरूमा गरिएको तोडफोड र ज्यादतिको जिम्मा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले लिनु पर्दछ। पीडितहरूको निवेदनको आधारमा न्यू मामा दङ्गाली होटेलमा भएको क्षति रु. १०,०००।-, खजुरा भूपू सैनिक होटेलमा भएको क्षति रु. १०,५००।-, सुर्खेती कैलाली होटेलमा भएको क्षति रु. १३,१८०।- र सुर्खेती बर्दिया होटेलमा भएको क्षति १५,३५०।- नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले तिर्नु पर्दछ। साथै तोडफोड भएका भे १ ज २६२ नं. र भे १ ज २७५ नम्बरका किया बस र ना ३ ख ४८५ नम्बरको माइक्रो बसहरूलाई मर्मत गरी साबिककै अवस्थामा बस धनीहरूलाई बुझाइदिनु पर्दछ।

२. तोडफोड, लुटपाट र आगजनी गराइएका मासु पसलेहरूका घुम्ती, मासु र माछा मण्डीलगायतमा भएको क्षति र ठेलामा फलफूल बेच्ने व्यापारीहरू, फुटकर तरकारी व्यापारीहरूको हकमा भएको ज्यादति, लुटपाट, आगजनी र उनीहरू निम्नवर्गका व्यापारी भएको स्थितिलाई हेर्दा उनीहरूको निवेदन बमोजिम निजहरूको हकमा रु. २५,०००।- का दरले अविलम्ब क्षतिपूर्ति उपलब्ध गराइदिनु उपयुक्त देखिन्छ।

३. क्षतिका सम्बन्धमा पीडितहरूले दिएका निवेदन बमोजिम क्षति यकीन गर्न सकिने मूल्याङ्कन प्रामाणिक आधारहरू धेरै निवेदनहरूबाट स्थापित हुन सकेका छैनन्। घर पसलहरू बीमा भए, नभएकोतर्फ कुनै जानकारी निवेदनमा छैन। निवेदनकै आधारबाट मात्र क्षति मूल्याङ्कन गरी क्षतिपूर्ति दिलाउन पनि न्यायिक देखिँदैन। प्रहरी मुचुल्का, अनुसन्धानले मात्र क्षतिको उचित मूल्याङ्कन नहुन सक्दछ। ५०,०००।- भन्दा बढी क्षतिको दावी गरेका पीडितहरूको हकमा सरकारले आफ्नो मनोगत आधारबाट क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति दिने आजसम्मको प्रवृत्ति अन्त्य गरिनु पर्छ। क्षति मूल्याङ्कन र क्षतिपूर्ति सिफारिसका लागि क्षति भएको चीजवस्तुको मूल्य निर्धारण गर्दा आफ्नो व्यापार व्यवसाय सञ्चालनको क्रममा राज्यलाई तिरेको कर, नगरपालिकाले करको प्रयोजनका लागि मूल्याङ्कन गरी तोकेको घर र व्यवसायको मूल्य तिर्नुपर्ने कर, बिमा गराएको भए विमाङ्कलगायतका वस्तुगत प्रमाणहरूलाई क्षतिको मूल्याङ्कन गणनामा नछुट्ने गरी आधार बनाइनु पर्छ। यसको लागि स्थानीय जिल्लास्तरमा रहेका आठ राजनीतिक दलका नेताहरूबाट आठ जना, उद्योग व्यापार सङ्घको कार्य समितिले तोकेको नागरिक समाजको प्रतिनिधि एक जना, र नेपालगञ्ज नगरपालिकाका इन्जिनियर, प्राविधिकहरू र नेपालगञ्ज नगर विकास समितिका सदस्यसचिव, प्राविधिक इन्जिनियरसमेतको 'क्षति मूल्याङ्कन र निर्धारण समिति' संयन्त्र गठन गरी सो समितिले निर्धारण गरेको क्षतिको मूल्याङ्कनलाई अन्तिम आधार मानी नेपाल सरकारले दङ्गामा पीडित भएका व्यक्तिहरूलाई अविलम्ब क्षतिपूर्ति दिनु मनासिव देखिन्छ।

४. पत्रकार सम थापाको नाउँमा रहेको से १ प १२१९ यमाहा मोटरसाइकल, जिल्ला बाँके नेपालगञ्ज नगर पालिका वडा नं. १ बस्ने नसिम कवडियाको नाउँमा रहेको भे १ प ५३८७ को मोटरसाइकल पुस ११ गतेको दङ्गामा जलेर नष्ट भएको हुँदा सम थापाको हकमा निजले दावी गरे बमोजिम रु. ३०,०००।- र नसीम कवडियाले दावी गरे बमोजिम रु. २९,४८०।- र महेन्द्रप्रकाश विसीका नाममा रहेको भे १ प. ६९५५ पल्सर मोटरसाइकल नेपालगञ्ज नगरपालिका इदगाह रोडमा जलाई क्षति हुन गएकोले तत्कालीन बजार मूल्यबमोजिम क्षतिपूर्ति उपलब्ध गराइदिन मनासिब देखिन्छ ।

५. नेपालगञ्ज दङ्गाका पीडितहरूलाई जतिसक्दो छिटो क्षतिपूर्ति नदिलाउने हो भने विभिन्न किसिमका हडताल, आन्दोलनहरू सिर्जना हुने सम्भावना रहेको हुँदा सो अवस्थालाई विचार गरी यथाशीघ्र क्षतिपूर्ति दिन र दिलाउन नेपाल सरकारसँग अनुरोध गर्दछौँ ।

**(ख) शारीरिक (ज्यान) क्षतिका सम्बन्धमा**

१. प्रहरीको गोलीबाट हत्या गरिएका जिल्ला बाँके भवनियापुर गाविस वडा नं. ८ का वर्ष १७ का कमल गिरीलाई 'शहीद' सरहको सम्मान दिई दोस्रो जनआन्दोलनका शहीदहरूलाई दिएसरहको रु. १०,००,०००।- (दसलाख रुपियाँ) निजका परिवारलाई तत्काल नेपाल सरकारले क्षतिपूर्तिस्वरूप उपलब्ध गराउनु पर्दछ ।

२. प्रहरीको गोली लागी गम्भीर घाइते भै हालसम्म विभिन्न अस्पतालमा आफ्नै हैसियतले उपचार गराइरहेका पीडित पुरैना-२, बाँके बस्ने वर्ष १७ को हफिज खाँ, नेपालगञ्ज नगरपालिका वडा नं. १५ की बालिका वर्ष १५ की मानषी लखेर, वडा नं. ९ को वर्ष २२ का सुधीर (पप्पू) लखेर, वडा नं. ४ बस्ने वर्ष ३० को मोहम्मद नादिर खाँ र वडा नं. ४ का रामदुलारे वैश्य र वडा नं. १० बस्ने वर्ष १८ को राजु वर्मालाई अविलम्ब नेपाल सरकारले निःशुल्क उपचारको व्यवस्था मिलाउनु पर्दछ । साथै हालसम्म पीडितहरू स्वयंले उपचार गर्दा लागेको खर्च फिर्ता गर्नु पर्दछ । गोली लागेर जीवनभरि अशक्त हुनेका हकमा न्यूनतम रु. ५,००,०००।- र गोली लागी निको हुनेका हकमा रु. २,००,०००।- क्षतिपूर्ति दिइनु पर्दछ । अन्य घाइतेहरूको हकमा नेपाल सरकारले तत्काल निःशुल्क औषधि उपचार गराइदिनु पर्दछ र यी घाइतेहरूलाई जनआन्दोलनकै घाइतेसरह मान्यता दिई घाउचोटको प्रकृति हेरी क्षतिपूर्ति दिनु पर्दछ ।

**(ग) अनावश्यक बल प्रयोग गर्नेउपर कारबाहीको सिफारिस**

१. नेपालगञ्ज नगरभित्र कर्फ्युको घोषणापश्चात् अर्थात् २०६३ पुस ११ गते दिनको ११:३० बजेपछि भएका आगजनी तोडफोड र लुटपाट घटनाहरूको जिम्मेवारी तत्कालीन बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी तिलकराम शर्माले लिनु पर्दछ । सङ्क्रमणकालीन अवस्थामा शान्ति सुरक्षाको उचित व्यवस्था नगरेका कारणले नेपालगञ्जमा दङ्गा भएको तथ्यमा विवाद नहुँदा निज प्रमुख जिल्ला अधिकारीलाई तत्काल बर्खास्त गरी मौजुदा कानूनबमोजिम कारबाही चलाइनु पर्दछ ।

२. बाँके जिल्ला प्रहरी कार्यालयका तत्कालीन प्रहरी प्रमुख रमेश भट्टराईको नेतृत्वमा खटिएको प्रहरीले जथाभावी गोली चलाई कमल गिरीको हत्या भएको र अन्य

निर्दोष/अवोध दङ्गामा संलग्न नै नभएका व्यक्तिहरू र बालबालिकालाई गोली लागेको देखिँदा र मो. नादिर खाँ स्वयंले आफूलाई गोली हान्ने जिल्ला प्रहरी कार्यालय बाँकेका असई प्रमोद क्षेत्री हुन् भनी लेखाएको र प्रहरीबाहेक अन्य कसैले गोली चलाएको पुष्टि नहुँदा तत्कालीन प्रहरी प्रमुख रमेश भट्टराई र असई प्रमोद क्षेत्रीलाई तत्काल निलम्बन गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. को कसूर गरेकाले नागरिकसरह ऐ ऐनको १३(१) नं. बमोजिम सम्बन्धित जिल्ला अदालतमा ज्यान मुद्दा चलाउनुपर्ने देखिन्छ।